# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः- २०८०/०८१

चलानी नं.:-

मिति: २०८०-१२-०८

<u>हक दावी पेश गर्ने सम्बन्धी सूचना !</u>

उपरोक्त सम्बन्धमा गैडहवा गाउँपालिका वडा नं ९ कार्यक्षेत्र भइ दर्ता भएको श्री बुद्धभूमि कृषि सहकारी संस्थाले सहकारी ऐन २०७४ को दफा ८८ (क),(ग),(घ) बमोजिम सहकारी संस्थाको दर्ता खारेजको लागि वडा नं ९ को कार्यालयको सिफारिस सहित मिति २०८०-०४-२२ गतेको ३१ सदस्यको साधारण वैठकको निर्णय र गैडहवा गाउँकार्यपालिकाको मिति २०८०-१०-१७ गतेको निर्णय बमोजिम सहकारी संस्थाको दर्ता खारेजी प्रक्रियाको लागि सरोकारवाला सबैले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र उक्त सहकारी संस्थामा प्रमाण सहित दावी विरोध पेश गर्नुहुन जानकारी गराइन्छ ।

साथै, सहकारी संस्थाले उक्त समयावधि भित्र निवेदकको दावी विरोधको सम्बोधन नगरेको खण्डमा गाउँपालिकामा प्रमाण सहित दावी विरोध पेश गर्नुहुन जानकारी गराईन्छ । उल्लिखित समयावधि पश्चात पेश भएको निवेदन उपर कुनै कार्यवाही हुने छैन र दावी विरोध पेश नभएको खण्डमा गैडहवा गाउँपालिकाको मिति २०८०-१२-०६ को निर्णय बमोजिम श्री बुद्धभूमि कृषि सहकारी संस्था (दर्ता नं ३०) को दर्ता स्वत खारेज भएको मानिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

१२/८

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पन्थी

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ:

श्री वडा नं ९ को कार्यालय: सरोकारवाला सबैलाई जानकारी हुने गरी सूचना टाँस गर्नुहुन ।